# मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकम (70 हजार येन) को जानकारी

- मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकम (प्रति परिवार 70 हजार येन) भनेको राष्ट्रको "प्राथमिकता सहयोग स्थानीय अनुदान" को उपयोग गरी निवासी करको प्रति व्यक्ति कर छुट परिवारहरूलाई भुक्तानी गरिने अनुदान रकम हो।
- यो अनुदान रकम प्राप्त गर्नको लागि प्रक्रिया गर्नुपर्ने अवस्थाहरू हुन सक्छन्।

## दायरामा पर्ने परिवारहरू

रेइवा 5 साल डिसेम्बर 1 तारिख (मानक मिति) मा सुगिनामी सहरमा निवासी दर्ता भई, परिवारको सबै सदस्यहरूको आर्थिक वर्ष रेइवा 5 सालको निवासी करको प्रति व्यक्ति कर छुट भएको परिवार

## भुक्तानी गरिने अनुदानको रकम

**प्रति परिवार 70 हजार येन**

## भुक्तानीको दायरा र प्रक्रिया आवश्यक पर्ने वा नपर्ने

### भुक्तानीको दायरामा पर्ने परिवारहरू

**A** दायरामा पर्ने परिवारहरू मध्ये सुगिनामी सहरमा मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकम (प्रति परिवार 30 हजार येन) को भुक्तानी प्राप्त गर्नुका साथै परिवारको सदस्यको सरुवा आदि नभएको परिवार

#### प्रक्रिया गर्नुपर्दैन।

रेइवा 6 साल जनवरी 22 तारिखदेखि क्रमिक रूपमा घरमूलीको नाममा "भुक्तानी सम्बन्धी जानकारी" पठाइनेछ।

अघिल्लो पटक प्रदान गरिएको मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकम (प्रति परिवार 30 हजार येन) भुक्तानी गरिएको खातामा ट्रान्सफर गरिनेछ।

रेइवा 6 साल फेब्रुअरीको बीच तिरदेखि क्रमिक रूपमा भुक्तानी गरिनेछ।

**B** दायरामा पर्ने परिवारहरू मध्ये **A** मा नपर्ने परिवारहरू

(आर्थिक वर्ष रेइवा 5 सालको निवासी कर लाग्ने व्यक्तिले पालनपोषण आदि गरेको व्यक्तिहरूले मात्र बनेको परिवार बाहेक)

#### प्रक्रिया गर्नुपर्नेछ।

रेइवा 6 साल जनवरी 22 तारिखदेखि क्रमिक रूपमा घरमूलीको नाममा "निश्चयपत्र" अथवा "आवेदनपत्र" हालिएको जानकारी पत्र पठाइनेछ।

पछाडिको पृष्ठ निश्चय गरी पेस गर्नुहोस्।

कागजात पेस गरेको 1 महिना जतिमा भुक्तानी गरिनेछ।

## प्रक्रियाको बारेमा (अगाडिको पृष्ठ B को दायरामा पर्ने परिवारहरू मात्र)

### ▶ परिवारमा रेइवा 5 साल जनवरी 2 तारिख वा सोभन्दा पछि बसाइ सरेर आएको व्यक्ति **नभएको** खण्डमा

- रेइवा 5 साल डिसेम्बर 1 तारिख (मानक मिति) मा सुगिनामी सहरमा बसोबासको दायरामा पर्ने परिवारहरूलाई "निश्चयपत्र" हालिएको जानकारी पत्र रेइवा 6 साल जनवरी 22 तारिखदेखि क्रमिक रूपमा पठाइनेछ।
- निश्चयपत्रमा आवश्यक जानकारी भरेपछि एकै खाममा पठाइएको जानकारी पत्रमा लेखिएको आवश्यक कागजात (रकम ट्रान्सफर गर्ने खाता थाहा हुने बैंक पासबुक आदिको प्रतिलिपि) संलग्न गरी फिर्ता पठाउनुहोस्।

### ▶ परिवारमा रेइवा 5 साल जनवरी 2 तारिख वा सोभन्दा पछि बसाइ सरेर आएको व्यक्ति **भएको** खण्डमा

- रेइवा 5 साल डिसेम्बर 1 तारिख (मानक मिति) मा सम्बन्धित परिवारहरूलाई "आवेदनपत्र" हालिएको जानकारी पत्र रेइवा 6 साल जनवरी 22 तारिखदेखि क्रमिक रूपमा पठाइनेछ।
- आवेदनपत्रमा आवश्यक जानकारी भरेपछि एकै खाममा पठाइएको जानकारी पत्रमा लेखिएको आवश्यक कागजात (बसाइ सरेर आएको व्यक्तिको रेइवा 5 साल जनवरी 1 तारिखको मितिमा बसोबास गरेको सहर, नगरपालिका वा गाउँपालिकाले जारी गर्ने आर्थिक वर्ष रेइवा 5 साल निवासी कर छुट प्रमाणपत्र आदि) संलग्न गरी फिर्ता पठाउनुहोस्।
- एकै परिवारमा आर्थिक वर्ष रेइवा 5 सालको निवासी कर लगाइएको व्यक्ति भएको खण्डमा यो आवेदन दिन सकिँदैन।

### ▶ विद्युतीय आवेदन दिन सकिन्छ।

निश्चयपत्र र आवेदनपत्रका साथै विद्युतीय माध्यम (स्मार्टफोन, कम्प्यूटर आदि) बाट पनि आवेदन दिन सकिन्छ। एकै खाममा भएको जानकारी पत्रबाट साइटमा गई आवेदन दिनुहोस्।

### ▶ निश्चयपत्र र आवेदनपत्र पेस गर्नुपर्ने म्याद

| | |
|---|---|
| हुलाकको खण्डमा | **रेइवा 6 साल मे 31 तारिख (शुक्रबार) (हुलाक छापको मिति मान्य हुनेछ)** |
| विद्युतीय आवेदनको खण्डमा | **रेइवा 6 साल मे 31 तारिख (शुक्रबार) 23:59** |

**निवासी कर छुट परिवार आदिलाई दिइने मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकमको**
**"ट्रान्सफर ठगी" र "व्यक्तिगत जानकारीको ठगी" प्रति सावधान हुनुहोस्!**

तपाईंको घर, कार्यस्थल आदिमा सुगिनामी सहर कार्यालय (को कर्मचारी) आदि भनेर शंकास्पद फोन वा हुलाक मार्फत पत्र आएको खण्डमा, सुगिनामी सहर कार्यालय स्वास्थ्य तथा कल्याण विभाग व्यवस्थापन शाखा मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकमको जिम्मेवार कर्मचारी (फोन: 03-3312-2111 (प्रमुख लाइन)), प्रहरी कार्यालय अथवा सुगिनामी सहर ट्रान्सफर ठगी क्षति शून्य डायल (फोन: 03-5307-0800) मा सम्पर्क गर्नुहोस्।




## सम्पर्क


सुगिनामी सहर मूल्य वृद्धिको असर नियन्त्रणको लागि सहयोग अनुदान रकम कल सेन्टर

☎0120-378-233

सम्पर्क समय 8:30～17:15
(शनिबार, आइतबार, सार्वजनिक बिदाको दिन बाहेक)